# धरान उपमहानगरपालिकाको कार्यालय

## धरान, सुनसरी

### गणक तथा सुपरीवेक्षक पदका लागि करार सेवामा दरखास्त अह्वान गरिएको सूचना ।

**प्रकाशित मिति : २०७८।०९।१४**

यस धरान उपमहानगरपालिका भित्र गरिव परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम संचालन गर्नु पर्ने भएकाले भुमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालयको निर्णय अनुसार **गणक तथा सुपरीवेक्षक पदमा** खुल्ला छनौट विधिद्वारा करार सेवामा पदपूर्तिका लागि आवश्यक न्यूनतम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र राजस्व तिरेको रसिद र आबश्यक कागजात सहित दरखास्त दिन हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

१. विज्ञापन नं. र पद संख्या

| सि.न | विज्ञापन नं. | पद | तह | माग संख्या | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| १ | ०१/०७८/७९ | **सुपरीवेक्षक** | सहायक पाँचौ | ३ | मान्यता प्राप्त शिक्षण संस्थावाट तथ्याङ्कशास्त्र वा जनसंख्या वा अर्थशास्त्र वा गाणित विषय सहित कुनै विषयमा कम्तिमा स्नाहतक वा सो सरह उत्तिर्ण गरेको र कम्प्युटर सम्वन्धि आधारभुत ज्ञान भएको |
| २ | ०२/०७८/७९ | **गणक** | सहायक चौथो | २६ | मान्यता प्राप्त शिक्षण संस्थावाट तथ्याङ्कशास्त्र वा जनसंख्या वा अर्थशास्त्र वा गाणित विषय सहित कुनै विषयमा कम्तिमा प्रमाणपत्र तह वा सो सरहउत्तिर्ण गरेको र कम्प्युटर सम्वन्धि आधारभुत ज्ञान भएको |

२. सेवाको किसिम : **करार सेवा अवधि ५ महिनाका लागि मात्र ।(२०७९ असार मसान्त सम्म)**

३. दरखास्त फारम भर्ने सम्बन्धमा: धरान उपमहानगरपालिको प्रशासन महाशाखाबाट दरखास्त फारम लिई फारम भर्नु पर्नेछ ।

४. पासपोर्ट साइजको फोटो ३ प्रति ।

५. पेश गर्नुपर्ने आवश्यक कागजातहरु

   क) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी ।

   ख) माथी उल्लेखित न्युनतम शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपी ।

   ग) स्थायी ठेगाना खुल्ने प्रमाण पत्रको प्रतिलिपी ।

६. तलब सुविधा तथा अन्य सेवा शर्त : यस कार्यालय सँग भएको सम्झौता अनुसार ।

७. उम्मेदवारको उमेर : दरखास्त दिने अन्तिम मिति सम्ममा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

८. उम्मेदवारको छनौट विधि : प्रयोगात्मक र प्रत्यक्ष अन्तरवार्ता ।

९. फारम प्राप्त गर्ने र बुझाउनु पर्ने स्थान : धरान उपमहानगरपालिकाको प्रशासन महाशाखा ।

१०. परीक्षा दस्तुर : सुपरिवेक्षकको लागि रु.५००। (पाँच सय) । गणकको लागि रु.४००। (चार सय)

११. दरखास्त फारम भर्ने अन्तिम मिति : २०७८ पौष २९ गते सम्म ।

१२. परीक्षा दस्तुर बुझाउने प्रकृया : धरान उपमहानगरपालिकाको राजश्व शाखामा परीक्षा दस्तुर जम्मा गरी दरखास्त साथ पेश गर्नु पर्नेछ ।

१३. छनौट विधी सम्बन्धमा धरान उपमहानगरपालिकाबाट "करारमा कर्मचारी व्यवस्था गर्ने कार्यविधी २०७५" बमोजिम हुने

१४. आवेदन स्वीकृत/अस्वीकृत तथा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकार धरान उपमहानगरपालिकालाई हुनेछ ।

१५. रित नपुगेको दरखास्त उपर कुनै कारवाही हुने छैन । झुट्टा विवरण उल्लेख गरी दरखास्त फारम भरेमा सोको जवाफदेही स्वयम आफै हुनु पर्नेछ ।

१६.अन्य थप जानकारी चाहिएमा धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको प्रशासन महाशाखामा सम्पर्क राख्न सकिनेछ ।

प्रशासकीय अधिकृत